**माननीय मुख्यमन्त्रीबाट स्वीकृत मितिः- २०७७/०५/१८**

# कर्मचारी अध्ययन छात्रवृत्ति सम्बन्धी मापदण्ड,२०७७

**प्रस्तावनाः** संघीय शासन प्रणालीमा प्रदेशको संरचना नेपालका लागि नयाँ संरचना हो। संवैधानिक अधिकारको पूर्ण प्रयोग मार्फत प्रदेश सरकारलाई सुदृढ र सेवामुलक बनाउन प्रदेशको प्रशासनिक संरचना सबल र सक्षम हुन आवश्यक छ। प्रदेशमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी प्रदेशबाट प्रवाह हुने सेवालाई सरल,सहज तथा नतिजाउन्मुख बनाउन कर्मचारीको व्यवस्थाकीय क्षमता बढाउन आवश्यक छ। प्रदेश सरकारको **“समृद्ध प्रदेश खुसी जनता”** को दीर्घकालिन सोच हासिल गर्न राष्ट्रसेवकहरुलाई कामप्रतिको तत्परता र सेवा भावसहित समयमै कार्यसम्पादन गर्न उत्प्रेरीत र प्रोत्साहित गर्न समेत आवश्यक छ। प्रदेशको विकास प्रशासन र व्यवस्थापनलाई प्रभावकारी बनाउन कार्यरत कर्मचारीहरुलाई तालिम तथा अध्ययनको अवसर प्रदान गरिनुपर्छ। अतः प्रदेश सेवामा कार्यरत कर्मचारीहरुलाई उच्च शिक्षा अध्ययनमा प्रोत्साहित गरी निजहरुको व्यवस्थापकीय ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न र त्यसको माध्यमबाट प्रदेशको विकास प्रशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन आ.व २०७७/७८ को प्रदेश सरकारको नीति तथा कार्यक्रमको बुँदा नं १५८ मा व्यक्त भएको भावनालाई आत्मसात गर्दै,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यो मापदण्ड बनाइ लागु गरेको छ।

(१) **संक्षिप्त नाम र प्रारम्भः**-(१) यो मापदण्डको नाम "कर्मचारी अध्ययन छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

(२) **परिभाषा र व्याख्याः**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो मापदण्डमाः-

(क) **"अध्ययन छात्रवृत्ति"** भन्नाले स्वदेशमा उच्चशिक्षा प्राप्त गर्न कर्मचारीहरुलाई प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ।

(ख) **"उच्च शिक्षा"** भन्नाले व्यवस्थापन, मानविकी र कानून विषयको स्नातकोत्तर वा एम.फिल सम्झनुपर्छ।

(ग) "**कर्मचारी**" भन्नाले प्रदेश सेवाका निजामती कर्मचारी सम्झनुपर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम यस प्रदेशमा समायोजन भएका कर्मचारी समेतलाई जनाउँदछ।

(घ) **"समिति"** भन्नाले दफा ८ बमोजिमको अध्ययन छात्रवृत्ति छनोट समिति सम्झनुपर्छ।

(ङ) **"विश्वविद्यालय"** भन्नाले नेपाल सरकार वा प्रदेश सरकारले प्रचलित कानून बमोजिम स्थापना गरेको नेपालको कुनै पनि विश्वविद्यालय सम्झनुपर्छ। सो शब्दले विश्वविध्यालय अन्तर्गतको आङ्गिक वा सम्बन्धन प्राप्त सरकारी, सामुदायिक वा निजी क्याम्पस वा कलेज सम्झनुपर्छ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नं ५ सम्झनुपर्छ।

(३) **उदेश्यः-** यस कार्यक्रमका उदेश्यहरु देहायबमोजिम रहेका छन्ः-

(क) कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी काम प्रति दक्ष र सक्षम बनाउनु।

(ख) प्रदेशको विकास प्रशासन र सेवा प्रवाहलाई सुदृढ र प्रभावकारी बनाउनु।

(ग) कर्मचारीहरुको व्यवस्थापकीय सीप अभिवृद्धि गर्नु

(घ) कर्मचारीहरुलाई काम प्रति उत्प्रेरीत गर्नु।

(४) **अपेक्षित उपलब्धीः-** यस छात्रवृत्ति कार्यक्रमबाट देहायबमोजिमको उपलव्धी हाँसिल हुने अपेक्षा गरिएको छः-

(क)कर्मचारीहरुको व्यवस्थापकीय क्षमता र कौशलता अभिवृद्धि हुने।

(ख)सेवा भाव सहित समयमै कार्यसम्पादन गर्न कर्मचारीहरु उत्प्रेरित र प्रोत्साहित हुने।

(ग) कर्मचारीहरुको कार्यकुशलता र कार्यसम्पादन स्तर अभिवृद्धि भई सेवाप्रवाह छिटो,सरल र सहज हुने।

(घ) कर्मचारीहरुको ज्ञान, सीप र क्षमताको अभिवृद्धि हुने।

(५) **कर्मचारी छनोटका आधारहरुः- (१)** अध्ययनको निमित्त कर्मचारीलाई छनोट गर्दा दफा ८ बमोजिमको समितिले सम्बन्धित सेवा, समूह वा उपसमूहभित्रका कर्मचारीहरु मध्येबाट देहायको आधारमा छनोट गर्नेछः—

(क) अध्ययनको विषय सम्बन्धित निजामती कर्मचारी कार्यरत रहेको सेवा, समूह वा उपसमूहको निमित्त उपयोगी र आवश्यक भएको।

(ख) तीन वर्ष स्थायी सेवा अवधि पुरा भएको।

(घ) पैंतालीस वर्ष उमेर ननाघेको।

(ङ) विश्वबिद्यालयले तोकेको मापदण्ड पुरा गरेको।

(२) यस अध्ययन छात्रवृत्ति अन्तर्गत अध्ययन गर्न चाहने कर्मचारीले अनुसुची-१ बमोजिमको ढाँचामा आफ्नो सेवा समूह सञ्चालन गर्ने मन्त्रालयको सिफारिस सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निवेदन दिनुपर्नेछ।

(६) **छनोट गर्दा प्राथमिकता दिनु पर्नेः**- (१) अध्ययनको निमित्त कर्मचारीलाई छनोट गर्दा देहाय बमोजिम छनोट गरिनेछ :—

(क) विदेशमा वा स्वदेशमा अध्ययन गर्न पहिले मौका नपाएको कर्मचारीलाई,
(ख) सबै निजामती कर्मचारीहरुले पहिले मौका पाई सकेको भएमा यसरी अध्ययन गरिसकेपछि सम्बन्धित निकायमा सबै भन्दा बढी समय व्यतित गरेको कर्मचारीलाई,

(ग) खण्ड (क) र (ख) बमोजिम मनोनयनका लागि क्रम निर्धारण हुन नसकेमा एउटै पदमा सबै भन्दा बढी सेवा अवधि भएको निजामती कर्मचारीलाई ।

तर कुनै खास योग्यता र उमेर नै आवश्यक पर्ने भनी उल्लेख भई आएको विषयमा त्यस्तो योग्यता र उमेर हुने कर्मचारीको बीचमा मात्र खण्ड (क) र (ख) अनुरुप मनोनयन गरिनेछ।

(७) **अध्ययन छात्रवृत्तिको अवसर पाउने कर्मचारीहरुः**- (१) प्रदेश निजामती सेवाका जुनसुकै सेवा, समूहका कर्मचारीहरु यो अध्ययन छात्रवृत्तिमा सहभागी हुन सक्नेछन्।
(२) प्रदेश सरकार अन्तर्गतका निकायहरुमा कार्यरत सहायक चौथो तह देखि दशौं तह सम्मका कर्मचारीहरुले अध्ययन छात्रवृत्तिको लागि अवसर पाउनेछन्।
(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि अस्थायी, करार वा परामर्श सेवामा रहेका कर्मचारीहरुले यो सुविधा प्राप्त गर्न पाउने छैनन्।

(८) **अध्ययन छात्रवृत्ति छनोट समितिः**-(१)अध्ययन छात्रवृत्ति छनोट गर्न देहायबमोजिमको समिति रहनेछ।

(क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-अध्यक्ष
(ख) सचिव, प्रशासन तथा वैठक महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-सदस्य
(ग) सचिव,शासकीय सुधार तथा समन्वय महाशाखा,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-सदस्य
(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य
(घ) सचिव, सामाजिक विकास मन्त्रालय-सदस्य
(ङ) उपसचिव/अधिकृत नवौ/दशौ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य
(च) अधिकृत सातौ/आठौ, कर्मचारी प्रशासन शाखा,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

(२) दफा (१) बमोजिमको समितिले छात्रवृत्ति प्राप्त गर्न निवेदन दिएका कर्मचारीहरुमध्येबाट उपयुक्तता र आवश्यकताको आधारमा छात्रवृत्ति पाउने कर्मचारीहरु छनोट गर्नेछ।

(९) **छनोट प्रक्रियाः** (१) यस छात्रवृत्ति कार्यक्रमको छनोट प्रक्रिया देहायबमोजिम हुनेछः

क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रत्येक वर्षको पहिलो चौमासिक भित्र अध्ययन छात्रवृत्तिमा अध्ययन गर्न चाहने कर्मचारीहरुबाट निवेदन आह्वान गरी निवेदन संकलन गर्नेछ।

ख) दफा ८ बमोजिमको समितिले निवेदन दिएका कर्मचारीहरुमध्येबाट आवश्यकता र उपयुक्तताको आधारमा कर्मचारीहरुलाई अध्ययन छात्रवृत्तिको लागि छनोट गर्नेछ।

ग) समितिले तोकिएको सङ्ख्याको अतिरिक्त ५० प्रतिशत बढी कर्मचारीहरुलाई अध्ययन अवसरको लागि वैकल्पिक सूचीमा राखी निर्णय गर्नुपर्नेछ।

घ) छनोट भएका कर्मचारीहरुले छनोट भएको आर्थिक वर्षभित्रै सम्बन्धित विश्विध्यालयको क्यालेन्डर अनुसार भर्ना भई अध्ययन गर्नु पर्नेछ।

ङ) कुनै कर्मचारी अध्ययन छात्रवृत्तिको लागि दफा ८ बमोजिमको समितिबाट छनोट भएको तर विश्विध्यालयको नियम अनुसार प्रवेश परीक्षा उत्तिण गर्नुपर्नेमा उतिर्ण भएको अवस्था नरहेमा वैकल्पिक सूचीमा रहेको र प्रवेश परीक्षा उत्तिण गरेको कर्मचारीले अध्ययनको अवसर प्राप्त गर्नेछ।

च) अध्ययन छात्रवृत्ति प्राप्त गरेको कुनै कर्मचारीले कुनै कारणवस छनोट भएको आर्थिक वर्षमा अध्ययन छोडेको अवस्था रहेमा वैकल्पिक सूचीमा रहेको कर्मचारीले निजले अध्ययन गर्न चाहेको विश्वविध्यालयको क्यालेन्डर अनुसार भर्ना भई अध्ययन गर्न पाउनेछ।

(१०) **अध्ययन पूरा गरेपछि सेवा गर्नुपर्ने अवधिः-**(१) प्रदेश सरकारको मनोनयनमा अध्ययन गर्ने प्रदेश निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि उक्त अवधिको न्यूनतम दोब्बर अवधिसम्म अनिवार्य रुपले सेवा गर्नु पर्नेछ।

(२) अध्ययनमा जाने कर्मचारीले त्यस्तो कार्यक्रमको प्रत्येक सेमेस्टर वा शैक्षिक सत्र समाप्ति भएपछि सो को नतिजा वा प्रगति विवरण सहितको प्रतिवेदन त्यस्तो नतिजा प्रकाशन भएको तीस दिनभित्र पदाधिकार रहेको निकाय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।

(११) **अध्ययन गर्नुपर्ने विषयहरुः-** प्रदेश सरकारका कर्मचारीहरुको व्यवस्थापकिय क्षमता अभिवृद्धि हुने र प्रदेश सरकारको आर्थिक विकासमा महत्वपुर्ण योगदान दिन सक्ने गरी अध्ययन छात्रवृत्ति व्यवस्थापन, मानविकी र कानून संकायका विषयहरुमा स्नातकोत्तर वा एमफिल अध्ययन गर्न उपलब्ध गराईनेछ।

(१२) **अध्ययन गर्नुपर्ने विश्वविद्यालयः-** (१) छात्रवृत्ति प्राप्त गर्ने कर्मचारीले आफू कार्यरत रहेको जिल्ला भित्रको विश्वविद्यालयमा अध्ययन गर्नुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित विश्वविध्यालयमा सम्बन्धित बिषयको पढाई नहुने रहेछ भने नेपाल खुला विश्वविद्यालयबाट समेत अध्ययन गर्न सक्नेछ।

(३) कुनै कर्मचारीलाई अध्ययन छात्रवृत्ति आवश्यक रहेको भनी निजको सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयले सिफारिस गरेको तर निज कार्यरत रहेको जिल्लामा उच्च शिक्षा अध्ययन गर्ने कुनै पनि विश्वविध्यालय भएको अवस्था नरहेमा सम्बन्धित मन्त्रालयले निजलाई अध्ययन अवसर उपलब्ध गराउन अध्ययनको अवधिभर अध्ययन समाप्त पछि पुन निज कार्यरत रहकै जिल्लामा काममा खटिने गरी अध्ययनको अवसर प्राप्त हुन सक्ने प्रदेश भित्रको कुनै जिल्ला अन्तर्गतको निकायमा कामकाज वा सरुवा गरी अध्ययनको लागि प्रोत्साहित गर्न सक्नेछ।

**द्रस्टव्यः** उपदफा (१) को प्रयोजनको लागि आफू कार्यरत रहेको जिल्ला भित्रको विश्वविद्यालयमा सम्बन्धित विषयको पढाई नहुने वा पढाई हुने भएतापनि अपायक पर्ने स्थिति रहेको भएमा छिमेकी जिल्लामा गई पढ्न पाएक पर्ने र अध्ययन गर्न सहज हुने अवस्था रहेछ भने उक्त जिल्लामा गएर समेत अध्यन गर्न पाउनेछ।

(१३) **छात्रवृत्ति वापत प्राप्त गर्ने सुविधाः- (१)** प्रदेश सरकारको अध्ययन छात्रवृत्ति प्राप्त गर्ने कर्मचारीलाई देहायबमोजिमको सुविधा प्रदान गरिनेछ।

क) भर्ना शुल्क

ख) मासिक शुल्क

ग) परीक्षा शुल्क

घ) प्रयोगात्मक शुल्क

ङ) प्रयोगशाला शुल्क

च) लाइब्रेरी शुल्क

छ) विश्वाविद्यालयले तोकेको अन्य शुल्क

(२) उपदफा (१) को अतिरिक्त अध्ययन छात्रवृत्ति प्राप्त गर्ने कर्मचारीलाई मासिक ५,००० (पाँच हजार रुपैयाँ) स्टेशनरी, मसलन्द र खाजा खर्च बापत उपलब्ध गराईनेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क कर्मचारीले विश्वविद्यालय वा क्याम्पसमा भर्ना भएपश्चात विश्वविद्यालय वा क्याम्पसको बिल बमोजिम प्रत्येक सेमेष्टर वा शैक्षिक सत्रको अन्त्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट भुक्तानी पाउनेछ।

(१४) **अन्य सुविधाः-**(१) अध्ययन छात्रवृत्ति प्राप्त गर्ने कर्मचारीले कार्यालयको काममा असर नपर्ने गरी साँझ वा बिहानको समयमा अध्ययन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम साँझ वा विहानको समयमा अध्ययन गर्दा दिनको दुईघण्टा कार्यालय समयभित्रको समय समेत उपभोग गर्ने गरि सुविधा दिन सकिनेछ।

(१५) **छात्रवृत्ति प्रदान गरिने सङ्ख्याः-** (१) प्रदेश सरकारको अध्ययन छात्रवृत्ति प्रत्येक बर्ष एमफिल तहमा बढिमा तीन जना र स्नताकोत्तर तहमा बढिमा दश जनालाई उपलब्ध गराईनेछ।

(२) उपदफा (१) बमोजिमको सङ्ख्या छनोट गर्दा प्रदेश सरकारका सबै मन्त्रालय वा अन्तर्गतका सम्भव भएसम्म सबै सेवा समूहको प्रतिनिधित्व हुने गरी तथा अध्ययन छात्रवृत्ति प्रदान गर्न आवश्यक रहेको कर्मचारीहरु मध्येबाट मन्त्रालयबाट मनोनयन भई आएका कर्मचारीहरु मध्येबाट दफा (८) बमोजिमको छात्रवृत्ति सिफरिस समितिले छनोट गर्नेछ।

(१६) **विश्व विद्यालयको नियम लागू हुनेः-**(१)अध्ययन छात्रवृत्ति प्राप्त गर्ने कर्मचारीले विश्वविद्यालयले निर्धारण गरेको नियमहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

(२) अध्ययनको लागि प्रवेश परीक्षा उत्तिर्ण गर्नुपर्ने भनी विश्वविद्यालयले तोकेको भएमा छात्रवृत्ति प्राप्त गर्ने कर्मचारीले उक्त प्रवेश परीक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ।

(३) उपदफा २ बमोजिम प्रवेश परीक्षा उत्तिण नगर्ने कर्मचारी स्वतः अध्ययनको अवसरबाट बञ्चित हुनेछ।

(१७) **सरकारी बाँकी सरह असुल उपर गरिनेः-** (१)अध्ययन छात्रवृत्ति प्राप्त गर्ने कर्मचारीले अध्ययन अवधी पुरा नगरी बिचमै छोड्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम बिच समयमै अध्ययन छोड्ने कर्मचारीबाट निजलाई दिएको भुक्तानी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययन छात्रवृत्तिमा छनोट भई अध्ययन गरिरहेको कर्मचारी गम्भिर रोगबाट विरामी भई अध्ययनको लागि असमर्थ रहेको वा विदेशमा अध्ययनको अवसर प्राप्त गरेको अवस्थामा निजलाई दिएको सुविधा मिनाह हुनेछ।

(१८) **छात्रवृत्ति रद्ध गर्न सकिनेः** देहायको अवस्थामा अध्ययन छात्रवृत्तिमा सिफारिस भएको कर्मचारीको छात्रवृत्ति रद्ध गर्न सकिनेछः

(क)निजले दफा १० को उपदफा २ बमोजिमको नतिजा वा प्रगति विवरण सहितको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश नगरेमा, वा

(ख)निजले अध्ययनको लागि विश्वविद्यालयले तोकेका नियमहरु पालना नगरेमा, वा

(ग) निजको अध्ययन प्रगती तथा नतिजा सन्तोषजनक नभएमा, वा

(घ) निजले अध्ययन गर्न असमर्थ रहेको भनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निवेदन दिएमा।

(१९) **<u>कबुलियतिनामा गर्नुपर्नेः-</u>** अध्ययन छात्रवृत्तिमा छनोट भई अध्ययन गर्न जाने कर्मचारीले अनुसूची-२ बमोजिम कबुलियतिनामा गर्नुपर्नेछ।

(२०) **<u>बजेट व्यवस्थापनः-</u>** यस अध्ययन छात्रवृत्तिको लागि आवश्यक पर्ने बजेट यस कार्यालयको बार्षिक बजेट कार्यक्रममा विनियोजित कर्मचारी अध्ययन छात्रवृत्तिबाट खर्च गरिनेछ।

(२१) **<u>प्रचलित कानून बमोजिम हुनेः-</u>** यस मापदण्डमा उल्लेख भएको विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(२२) **<u>संशोधन गर्न सकिनेः-</u>** मुख्यमन्त्री तथा मन्त्रिपरषद्को कार्यालयले आवश्यकता अनुसार यो मादण्डमा संशोधन गर्न सक्नेछ।

अनुसुची -१

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

अध्ययन छात्रवृत्तिको निवेदनको ढाँचा

मितिः २०....../....../......

**बिषयः अध्ययन छात्रवृत्ति पाउँ।**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं ५, बुटवल।

प्रदेश सेवाका निजामती कर्मचारीहरूलाई प्रदान गरिने अध्ययन छात्रवृत्ति मार्फत स्वदेशमा उच्च शिक्षा अध्ययनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति............मा गरिएको सूचना बमोजिम म ...........तपशिल बमोजिमको विवरण सहित तपशिल बमोजिमको अध्ययन छात्रवृत्ति प्राप्त गर्न सम्बद्ध कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

| कर्मचारीको नामथर | संकेत नं | पद | सेवा/समुह/उपसमुह | श्रेणी/तह | जन्म मिति | स्थायी नियुक्ति मिति | कार्यरत कार्यालय | हाल कार्यरत कार्यालयमा हाजिर भएको मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**कर्मचारीको विवरण**

**अध्ययन छात्रवृत्ति सम्बन्धी विवरण**

| अध्ययन गर्न चाहेको विषय | अध्ययन गर्न चाहेको तह | अध्ययन गर्ने विश्वविध्यालय/क्याम्पस | अध्ययन गर्ने समय | यस अघि अध्ययन छात्रवृत्ति प्राप्त गरेको/नगरेको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**संलग्न कागजातहरु**

१. कर्मचारीको परिचयपत्रको प्रतिलिपी

२. सम्बन्धित मन्त्रालयको सिफारिस

यसमा लेखिएको व्यहोरा साँचो हो। झुठा ठहरे कानुन बमोजिम सहाय भोग्न तयार छु ।

**निवेदकः-**

नाम थरः

पदः

कर्मचारी संकेत नं.

कार्यालयः

अनुसुची-२
(दफा १९ सँग सम्बन्धित)

**प्रदेश सरकारबाट मनोनयन भइ उच्च शिक्षा अध्ययनमा जाने कर्मचारीले गरेको कबुलियतनामाको ढाँचा**

.......................................... मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/प्राधिकरण कार्यालयको................... पदमा कार्यरत म............................ले प्रदेश सरकारको (...........स्तर) को मिति ................को निर्णयानुसार शैक्षिक सत्र .......मा उच्च शिक्षा अध्ययनको लागि मनोनयन भएकोले...........विश्वविध्यालयमा हुने ................................... विषयको अध्ययन गर्न देहाय बमोजिमको कबुलियतनामा पेश गरेको छु।

क)उल्लेखित अध्ययनमा सहभागी हुनको लागि निर्दिष्ट मिति भित्र अध्ययन हुने संस्थामा हाजिर हुन जाने छु।

ख) अध्ययन अवधिभर छात्रवृति प्रदान गर्ने एवं कार्यक्रम सञ्चालन गर्ने निकायबाट निर्धारित नीति/नियम/आचार संहिताको पुर्णरुपमा पालना गर्नेछु।

ग) अध्ययन अवधि भुक्तानी हुना साथ आफ्नो पदाधिकार रहेको निकायमा तोकिए बमोजिमको सेवा अवधिभर अनिवार्य रुपले सेवा गर्नेछु ।

घ)अध्ययन अवधी पुरा नगरी बिचमै छोड्ने छैन।विचमै छोडेमा अध्ययनको लागि मैले प्राप्त गरेको सेवा सुविधा मेरो नाममा रहेको चल-अचल सम्पतिबाट समेत प्रदेश सरकारले म बाट सरकारी बाँकी सरह असुल गरेमा मेरो पुर्ण मन्जुरी छ ।

| <u>कबुलियतनामा गराउने अधिकारीको</u> | <u>कबुलियतनामा गर्ने कर्मचारीको</u> |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम,थरः | नाम,थरः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| मितिः | मितिः |